# अक्वीला र प्रिस्किलाले नयाँ अगुवाहरुलाई सिकाए

जसले नानीहरुलाई सिकाउँछन् अध्ययन एम· 1 बी· पढ्नु पर्छ।

**प्रार्थना :** ''स्वर्गमा हुने पिता, नयाँ अगुवाहरुलाई सिकाउनमा मदत गर्नुहोस्, सो पुरयाउनेहरुलाई मानिसहरुको सुधार गर्नमा मदत गर्नुहोस्। जसलाई म सिकाउदँछु तिनीहरुले अन्य नयाँ अगुवाहरुलाई सिकाउनमा मदत गर्नुहोस्, जसको बाट तपाईको राज्य पृथ्वी माथि सदा फैलिरहुन्।''

## 1. अरुलाई सिकाउन तपाईंको हृदय, परमेश्वरको वचनले तयार पार्नुहोस्



अक्वीला अनि प्रिस्किलाले कसरी अपोल्लसलाई सिकाए· प्रेरित 18:24–28 मा पाउनु हुन्छ।

- अकवीला अनि प्रिस्किलाले कहिले अपोल्लसलाई सिकाए ! तिनको खाँचो थाहा पाउन अघि वा पछि ?
- अपोल्लसको खाँचो पत्तो लगाउन राम्ररी सुनेपछि अक्वीला र प्रिस्किलाले तिनलाई कहाँ लगेर सिकाए ?
- अक्वीला अनि प्रिस्किलाले अपोल्लसलाई घरमा सिकाए पछि तिनले के गर्न लागे ? (पद 27 र 28 हेर्नुहोस्)

- अक्वीला अनि प्रिस्किलाले ख्रीष्टको सेवा गर्न, एकताको सुत्रमा रहेर काम गरे। तपाईंको बगालमा भएका दम्पत्तिहरुलाई एकसाथ काम गर्नमा कस्तो मदत गर्नुहुन्छ ?

अगुवाहरुलाई दुइ तरिकाले प्रशिक्षण दिनु :

1· येशूले झै झुण्डमा बोल्नु जसरी उहाँले भीड़हरुलाई सिकाउनुहुन्थ्यो।

2· येशुले झैं प्रेरितहरु तयार पार्न, जसरी उहाँले साना झुण्डलाई सिकाउनुहुन्थ्यो।

यी दुइ तालिम प्रणालीलाई स्थिर गराउनुहोस्।

- नयाँ अगुवा अनि नयाँ मण्डलीलाई, नयाँ जन्मेको शिशुलाई झैं तत्काल खाँचोहरु पर्दछ। तिनीहरुलाई कुनै अनुभवी व्यक्तिले सिकाउन खाँचो पर्दछ।
- पुराना अनि परिपक्व अगुवाहरुलाई त्यत्ति धेरै ध्यान दिन पर्दैन। येशू झैं पावलले पनि, तिनको सहयोगविना सेवा गर्न थाले, आफना प्रशिक्षार्थीहरुलाई सिकाउन बन्द गर्थे।
- खाँचो परेकाहरुको निम्ति छोटो तालिम शिविरहरुको प्रबन्ध मिलाउनु होस्, तर यसले नयाँ अगुवाहरुको खाँचोलाई पुरा गर्नसक्दैन्। येशू अनि पावलले तिनीहरुका प्रशिक्षार्थीहरुलाई सिकाए अनुसार तिनीहरुलाई सिकाउनुहोस्।

एउटा अगुवाले अर्कोलाई कसरी सम्झाउन सक्छन् ? गर्नपर्ने यी सातवटा विषयहरुलाई कण्ठ गर्नुहोस् :

- झुण्ड जत्ति सक्दो सानो होस्। प्रत्येक प्रशिक्षार्थीहरुलाई मदत गर्न तपाईले समय निकाल्नैपर्छ।
- गोठालापनको कौशलहरुलाई नमुना बनाउनुहोस्। अनि यस्तो प्रकारले गर्नुहोस् कि सजिलै सित नकल गर्नसकून।
- यदि छेउछाउका मण्डलीहरुमा भएका अगुवाहरुलाई सरसल्लाहको खाँचो छ भने, त्यसको प्रबन्ध गर्नुहोस्।

- कुनै विश्वासी र मित्रहरुलाई शिक्षाको आवश्यकता **खाँचो** छ भने भेटघाट गर्नुहोस्। तिनीहरुको खाँचो पत्तो लगाउन अनि सेवा दिने अवसर लिनलाई तिनीहरुप्रति राम्ररी ध्यान लगाउनुहोस्।

- प्रत्येक प्रशिक्षार्थीरुको प्रतिवेदन सुन्नुहोस्। प्रत्येक प्रशिक्षार्थीहरुले पछिल्लो सभादेखि आफैले अनि तिनको बगालले के गरेका छन् अनि तिनको बगालका खाँचोहरु के हुन् त्यसको प्रतिवेदन दिनैपर्छ।

- गतिविधिहरुको योजना बनाउनलाई प्रशिक्षार्थीहरुलाई मदत गर्नुहोस्। तिनले अनि तिनका बगालहरुले आफ्नो जरूरत पुरा गर्न के गर्नुपर्छ सो लेख्नुहोस्। आज सम्मका कमजोरी वा छोड़िएकुराकाहरुलाई नयाँ नियमको अनुसार गतिविधिहरुलाई विकास गर्नुहोस्। नकारात्मक समस्याहरुमाथि धेर समय नफाल्नुहोस्। प्रत्येक सिकाउने सभाहरुमा नयाँ मण्डली खड़ा गर्न नयाँ कुराहरुलाई समावेश गर्ने लक्ष्य राख्नुहोस्।

- प्रशिक्षार्थीहरुले के पढ़े सो घ्नुहोस्। गत दिन पाठ्यक्रममा तिनीहरुले के सिके सोघ्नु होस्।

  **बाइबलमा भएका शिक्षादिने 'श्रृखलाहरु'** (कसले कसलाई सिकाए काँड़ले व्यक्त गर्दछ)।

  **यित्रो-मोशा-इस्राएलका अगुवाहरु, जसहरूले इस्राएलीहरुको गोठाला गरे।**

  **मोशा-यहोशू, जसहरूले इस्राएली सेनाहरुलाई प्रतिज्ञाको देश कब्जा गर्ने हुकुम दिए।**

  **दबोरा-बाराक, जसले मुर्तिपूजक कनानीहरुलाई परास्त गर्न इस्राएली सेनाहरुको नेतृत्व गरे।**

  **एली-शमूएल-राजा शाऊल अनि राजा दाऊद।**

  **नातान-दाऊद-सुलेमान-शबाकी रानी।**

  **एलिया-एलीशा-राजा योआशं**

  **दानियल-नबूकदनेसर।**

  **मोर्दकै-एस्तर।**

  **येशू उहाँका प्रेरितहरु-नयाँ मण्डलीका धर्मगुरुहरु।**

  **फिलिप-एथियोपियाका अधिकारी।**

  **प्रिस्किला र अक्वीला-अपोल्लस।**

  **पावल-तिमोथी ''विश्वासी मानिसहरु''-''अरुहरुलाई पनि'' (2 तिमोथी 2:2)**

**2. तपाईको बगालमा अगुवाको रूपमा सेवा गर्नलाई जसले प्रशिक्षण लिन पर्छ ती विश्वासीहरुको परिक्षण गर्नुहोस्।**

- नयाँ पाठयक्रम दिनुहोस्। प्रत्येक छात्रको योजनाहरुमा मिल्ने लाभदायक अध्ययनको सुचि अनि अध्ययनहरुको छनोट ध्यानपूर्वक हेर्नुहोस्। सिकारुहरुले सबै एउटै कुरो अध्ययन गर्नुहुँदैन।

- एर्काकाको निम्ति प्रार्थना गर्नु। शक्ति अनि अगुवाइको निम्ति प्रार्थना गर्नुहोस् अनि साथै तपाईले सेवा पुर्‍याउदै गर्नु भएका मानिसहरुको निम्ति पनि प्रार्थना गर्नुहोस्।

**3. तपाईको सहकर्मीहरुसित आउने दिनका उपासनाको समय मिलेर बनाउनु होस।**

स्थानीय संस्कृति अनि खाँचोहरुलाई ध्यानमा राखी गतिविधिहरु चुन्नुहोस् अनि नयाँ नेताहरु अनि अरु जत्तिलाई

मदतको खाँचो छ तिनीहरुलाई सल्लाह दिनलाई, शक्तिको निम्ति प्रार्थना गर्नुहोस्।

अक्वीला र प्रिस्किलाले अपोल्लसलाई कसरी सल्लाह दिए त्यसबारे बताउनुहोस् वा अभिनय गर्नुहोस्। तिनीहरुको बारेमा तपाईले भाग–1 मा सिक्नु भएको विषयमा छलफल गर्नुहोस्।

दुइ थरीका प्रशिक्षणलाई कसरी स्थीर गर्नु सो बुझाउनुहोस् (भाग–1 देखि) अनि बाइबलमा भएका ती व्यक्तिहरुको बारेमा बताउनुहोस् जसहले अरुहरूलाई सल्लाह दिंदथे (भाग–1)।

**पावल–तिमोथी सल्लाहको शृखलालाई प्रदर्शन गर्नुहोस्।**

- सबैलाई खड़ा हुन लगाउनु अनि चारवटा झुण्डहरु बनाएर, अलग अलग बस्न लगाउनुहोस्। बुझाउनु होस् कि यी चार झुण्ड चार भिन्दा भिन्दै शहरहरू हुन्।
- कसैलाई 2 तिमोथी 2:2 पढ़न दिनुहोस्। **चो बुझाउनु होस् कि यस पदले नयाँ मण्डलीहरुको उत्पत्तिको शृखलामा चार सन्धिहरु हुन् :** (1) पावल एन्टिओकमा, (2) तिमोथी एफिसीमा, (3) कलस्सीमा भएका 'विश्वासी मानिसहरु' जत्ति, अनि 'अरुहरु पनि जो लाओडिसियामा बसोबासो गर्थे।

1. एन्टिओक। पावल अनि बर्णाबासले एन्टिओकंबाट पहिले परमेश्वरको वचन प्रचार गरे। पहिलो झुण्डका दुइ व्यक्तिहरुलाई एउटा बाइबल दोस्रो एफिसीमा झुण्ड पुरयाउन होस्,अर्थात् मा लगाउनु।
2. एफिसी। पावलले तिमोथीलाई सिकाए, तिनले एफिसीमा नै परमेश्वरको वचन उसलाई सिकाउनलाई छाड़ेर गए।
3. कलस्सी। तिमोथीले ''विश्वासी मानिसहरुलाई'' सल्लाह दिंदै सिकाए। कलस्सीमा अनि एफिसीमा अन्य धर्मगुरुहरु थिए (कलस्सी 1:1–8)।
4. लाओडिसिया। कलस्सीबाट इप्राफासले लाओडिसियामा भएका ''अरुहरुलाई पनि'' सल्लाह र शिक्षा दिए (कलस्सी 4:12–13)

यित्रोले मोशालाई कसरी सिकाए अभिनय गर्नुहोस् वा बताउनुहोस्, प्रस्थान 18।

विश्वासीहरुले हालैमा कसैलाई सल्लाह दिएको बारेमा प्रतिवेदन लिनुहोस्।

नानीहरुले तयार पारेका नाटक वा कविताहरु प्रस्तुत गर्न लगाउनुहोस्।

दुइ वा तीनको झुण्डमा योजनाहरु छलफल गर्नुहोस् सल्लाह दिनलाई अनि एकार्का–लाई उत्साह दिनलाई प्रार्थना गर्नुहोस्। एलियाले एलीशालाई कसरी सम्झाए नानीहरुलाई नाटकमा प्रस्तुत गर्न लगाउनुहोस्। नाटकको बारेमा प्रश्नहरु तयार पारेर नानीहरुलेनै प्रौड़हरुलाई सोधुन्।

प्रभुभोज बारे परिचय दिंदा रोमी 16:3–5 पढ़नुहोस् अनि अक्वीला र प्रिस्किलाले रोमको एफिसीमा मण्डली स्थापना गरेका थिए बुझाउनु होस् (1 कोरिन्थी 16:16) अनि कोरिन्थीमा पनि हुनसक्छ। यसले, प्रेरितहरुको समयमा प्रभुभोज कहाँ मनाइन्थ्यो सम्झना गराउँदछ। तिनीहरु सानो झूण्डमा भएता पनि प्रत्येक व्यक्ति घनिष्ठ संगतीमा बसेर रोटी भोंच्ने गर्थे।

# एउटा अगमवक्ताले अर्कोलाई परमेश्वरको सेवा कसरी गर्नुदेखाउँदछ।

**प्रार्थना :**''स्वर्गीय पिता, एउटा नानीले अर्को नानीलाई येशुको बाटोमा राम्ररी हिंड़ाउनलाई मदत पुरयाउन यो अध्ययनलाई प्रयोग गर्नुहोस्।

नानीहरुको वर्तमान आवश्यकता अनि स्थानीय रिवाजलाई सुहाउँदो गतिविधिहरु चुन्नुहोस्।



अगमवक्ता एलियाले तिनको शक्ति एलीशामाथि खनाएको कथालाई 2 राजा 2:1-15 बाट बताउनु होस्।

- यदि हुन सक्छ भने, ठूला नानीलाई यो कथा स्मृतिद्वारा वा पढ़ेर सुनाउन लगउनुहोस्।
- कथामा एलिशाले कसरी एउटा जवान अगमवक्तालाई तिनको काम सुम्पनु भएको थियो पहिले बुझाउनुहोस्।
- नानीहरुले पनि यसरी परमेश्वरको बारेमा सिकेका कुराहरु, मित्रहरुलाई पनि सुनाउनु पर्छ।
- एलीशाले तिनको गुरुलाई के हुन्छ होला भनी कति ख्याल गर्दथे? (उत्तर : एलीशाले तिनको वृद्ध गुरुलाई एक्लो छाड़दैन थिए)।
- एलियाले आपनो शिष्यलाई गरेको अन्तिम प्रश्न के हो?(उत्तर : पद 3 मा हेर्नुहोस्)
- एलीशाले एलियाबाट के प्राप्त गर्न चाहन्थे? (उत्तर : पद 9 मा हेर्नुहोस्)
- एलिया कस्तो प्रकारले स्वर्गमा गए? (पद 11 मा हेर्नुहोस्)
- एलीशालाई आफ्नो गुरुले खोज्दा तिनले कस्तो अनुभव गरेका थिए? (पद 12 हेर्नुहोस्)
- एलीशा अति दु:खित थिए। पौराणिक समयमा इस्राएलीहरुलाई दु:ख लाग्दा तिनीहरुले आफ्ना कपड़ा च्यात्दथिए।

एउटा रथबाट आगोको ज्वाला निस्कि रहेको साधारण चित्र बनाउनुहोस्। नानीहरुलाई नकल गर्न वा आफ्नै तरिकाले बनाउन लगाउनु होस्, हुन सके रंग भर्न लगाउनु होस्। ठूला नानीहरुले चित्र बनाउन र रंग भर्नमा मदत गरुन्।



एलिया र एलीशाको कथालाई नाटकमा परिणत गरुन्, वा यसको केहि भाग प्रौढ़हरुलाई देखाउन्। नाटक प्रस्तुत गर्नलाई आराधनाका अगुवाहरुले व्यवस्था मिलाई दिऊन। एलियाको निम्ति एउटा लबेदा वा पोशाक तयार पार्नोस् (एउटा ठूलो कपड़ा तिनको कुम देखिनै ढाक्ने)। अभ्यासको समयलाई राम्ररी प्रयोगमा ल्याउनुहोस्।

- ठूला नानीहरुले एलिया र एलिशाका पाठहरु गरुन्।
- साना नानीहरुले एलियाका चेलाहरुका पाठहरु गरुन्।

**कथक :**कथाको पहिलो भाग, 2 राजा 2:1-7 बाट सुनाउन्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् एलियाले, तिनको चेला, एलीशालाई के भन्दछ।''

**एलिया :**एलीशा संगै हिंड़दै भन, ''एलीशा, अब मेरो जाने समय आयो। तिमी यहाँ बस।''

**एलीशा :**(भन) ''होइन, म तपाईसितै अन्त सम्म बस्न चाहन्छु।''

**एलियाका चेलाहरु :**(एक पट्टि उभिएर, एकजनाले भन्दछ) ''एलिया, हामी अगमवक्ताहरु हौं। हामी जान्दछौं तपाईंको गुरु आज स्वर्गमा जानु हुनेछ। कसले मेरो कामलाई अघिबड़ाएर लैजान्छ?''

**कथक :**कथाको दोस्रो भाग बताउनु होस्, पद 8-14 सम्म। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् एलियाले एलीशालाई के भन्दैहुनुहुन्छ।''

**एलिया :**(तिम्रो खाष्टोले भूँइमा हिर्काउ। त्यसपछि भन) ''परमेश्वरले नदीलाई दुइभाग पार्नुभयो, हामी हिंडेर पार गरौं'' (एलीशा संगै हिंड़नुहोस्)। ''अब, तिमीबाट उठाइलैजानअघि म तिम्रो निम्ति के गरुँ?''

**एलीशा :**तपाईं उठाइ लगिनु भए पछि मैले परमेश्वरको शक्ति पाएर तपाईंले गर्नु भएको असल कामहरु अघि बड़ाउन सकूँ।''

**एलिया :**''यदि तिमीले मलाई उठाइलमको देख्यौ गिएने तब यी कामहरु अघि बड़ाउनमा परमेश्वरले तिमीलाई मदत गर्नुहुनेछ।'' (खाष्टोलाई भूँइमा फयाँकी दिनु अनि एउटा कुर्सी माथि चढ़ेर दुइ हात स्वर्गतिर उचाल्नु)।

**एलीशा :**''मेरो पिता, आगोको रथमा तपाईंलाई माथि जाँदै गरेको म देख्दछु।'' (केहि समयको निम्ति उँभो हेर्नुहोस्, त्यस पछि खाष्टो लिनुहोस् अनि झूण्डमा बसेका अगमवक्ताहरुतिर जानुहोस्। खाष्टोले भूँइमा हिर्काउनुहोस्।)

**एलियाका चेलाहरु :**(सबैजना कराउ) ''हेर! तिनले नदीलाई दुइ भाग गरीदिए।'' (तब एकजना अगमवक्ताले भन्दछ।) ''एलीयालाई झै परमेश्वरको आत्माले तिनलाई पनि शक्ति दिनुभएछ।''

**कथक :**सहयोग गर्ने सबैलाई धन्यवाद दिनु होस्।


यदि नानीहरुले यो नाटक प्रौड़हरुलाई प्रस्तुत गरे, एलिया र एलीशाको कथाबारे प्रौड़हरुलाई तिनीहरूले केहि प्रश्नहरु पनि गरुन्।

**नानीहरुलाई बुझाउनुहोस् :** धेरै समय अगाड़ि, येशू मानिसको रूपमा आउन अघि, एलियाले परमेश्वरको आज्ञा पालन गर्ने चेलाहरु बनाए। येशूले हामीलाई पनि चेलाहरु बनाउने आज्ञा गर्नुहुन्छ।...सोध्नुहोस्...

- कस्तो किसिमले हामी अरु नानीहरुलाई येशूको आज्ञाकारी नानीहरू हुनमा मदत गर्न सक्छौं?
- तपाईका दाज्यू-भाइ, बहिनीहरु वा मित्रहरुलाई, तपाईले येशूको बारेमा अनि उहाँको सेवा गर्न सिकाउनलाई मदत गर्न सक्नुहुन्छ?

**शक्तिको खाष्टो अरुलाई थमाउनु होस्।**

- एउटा खाष्टोको चित्र नानीहरुको निम्ति बाउनुहोस्।
- एउटा नानीलाई एलिया र अर्कोलाई एलीशा हुन लगाउनुहोस्।
- एलियाको खाष्टोको चित्र बनाउनुहोस्, अनि बुझाउनु होस्, यसले परमेश्वरको शक्तिलाई दर्शाउँन। भन्नोस्, ''अब तपाईंले येशुको बारेमा सुनाउने अनि उहाँको सेवा गर्ने शक्ति तपाईमा छ।''



**बुझाउनुहोस्,** ''परमेश्वरको शक्तिमा हामी स्वार्थी छैनौं। हामी चेलाहरु बनाउँछौं, अर्थात हामी परमेश्वरको शक्ति र वचन अरु नानीहरुमा छोड़छौं।'' त्यसपछि, नानीहरुमा छोड़छौं।''त्यसपछि, नानीहरुलाई सोध्नु होस्, एलीशालाईं लबेदा छोड़ने एलिया को हुन ?

- एउटा खाष्टोको चित्र नानीहरुलाई बनाउन लगाउनुहोस्, अनि यसलाई आउँदो आराधनाको समयमा प्रौड़हरुलाई देखाउन्।
- एलियाले आफ्नो खाष्टो एलीशालाई छोड़ी दिए त्यसरीनै हामीले परमेश्वरको शक्ति र महानताअरुलाई छोड़नुपर्छ मनी चसले व्यक्त यसले गर्दछ, बुझाउन लगाउनुहोस्।

यहून्ना 20:21 कण्ठ गर्नुहोस्।

**कविता :** तीन जना नानीहरु प्रत्येकले एक-एक पद गरी भजन संग्रह 39:4, 5 र 7 पाठ गरुन्।

नानीहरुसित प्रार्थना गर्नुहोस् :

''प्रभु, तपाईंको आज्ञा पालन गर्ने सबैलाई चेला बनाऊ भनी हामीलाई भन्नु भएको छ। तपाईंको आज्ञा पालन गर्न हामीलाई तपाईको वचन र आत्मा दिनु भएको छ। असल चेला बन्न हामीलाई मदत गर्नुहोस् यसैले कि तिनीहरु पनि असल चेलाहरु बन्न सकून।''

# पावलले झैं नया गोठालाहरुलाई सल्लाह

येशू अनि प्रेरितहरुले गरे झैं कार्यहरुको निम्ति नयाँ गोठालाहरुलाई प्रशिक्षण।

नानीहरुलाई सिकाउनेले अध्ययन इ. 2 बी. पढ्नु पर्छ।

**प्रार्थना :** ''परमप्रभु, पावललेझैं हामी पनि मानिसहरुकहाँ तपाईंको वचन पुरयाउन अनि तिनीहरुका अगुवाहरुलाई तालिम दिन मदत गर्नुहोस्।''



**सुन्नुहोस्।** एउटा सल्लाहकारले तिनका प्रशिक्षार्थीहरुको मण्डलीमा के कुराको अवश्यक छ त्यो पहिले सुन्दछ। त्यसपछि, मत्ती 13:52 ले जसरी भन्दछ, एउटा सल्लाहकारले प्रशिक्षार्थीको बगाललाई झट्ट चाहिएका खाँचोहरु पुरा गर्नसक्ने विभिन्न पास्टरका अध्ययनहरु तिनको भण्डारबाट निकाल्दछ।

## 1. तपाईंको हृदय र मनलाई परमेश्वरको वचनले तयार पार्नुहोस्।

तितसले क्रेटमा के गरेको पावल चाहन्थे तितस 1:5 मा पाउनुहुन्छ।

(उत्तर : तितसले हरेक शहरहरुमा चाँहिदो सुधार गर्नलाई धर्म–गुरुहरु नियुक्त गर्नु थियो। पावलले तिनलाई क्रेटमा छोड्नभन्दा अघि सम्झाएका थिए। यसरी तितसले, गोठाला गर्ने धर्म गुरुहरुलाई प्रशिक्षण दिनलाई आफैलाई तयारी गर्नुथियो)।

2. कोरिन्थी 17:3–9 मा परमेश्वरको वचनको शिक्षाद्वारा ज्ञानको ''वृद्धि'' भएको उदाहरण पाउँछौं।

- राजा यहोशापातले शिक्षकहरुको एउटा झूण्ड तयार पारे, जसहरूले परमेश्वरको वचन नपुगेको ठाउँहरुमा वचन पुरयाए।
- मानिसहरुलाई एउटा मुख्य संस्थामा भेला गराउनभन्दा ती शिक्षकहरुले, जहाँ मानिसहरु बसो–बसो गरेका छन् त्यही शिक्षाहरु पुरयाए। यो प्रणाली आजका दिनहरुमा नयाँ मण्डलीहरु ख्रीष्टमा बड्नमा असल तौरले काम गरीरहेका छन्।
- आधुनिक समयमा नयाँ ईसाई गोठालाई दुई भिन्दाभिन्दै तरिकाले शिक्षकहरुले सिकाइ रहेकाछन् :

  1. परम्परागत कक्षाहरुमा बृहत झूण्डमा शिक्षा प्रदान गर्ने।

  2. येशू अनि उहाँका प्रेरितहरुले झै सानो झूण्डमा सम्बन्घहरु जोड्दै सल्लाह दिने।

- परम्पपरागत कक्षाहरुमा परिपक्व अनि पूर्ण–स्थापित चर्चहरुको निम्ति जसलाई अचानक कुनै आवश्यक्ता छैन्, प्रभावशाली हुन्छन्।
- येशू अनि प्रेरितहरुले झैं सिकारु नयाँ गोठालाहरुलाई सिकाए त्यो अझ प्रभावशाली हुन्छन् किनभने त्यसले जरूरी खाँचोहरु पूरा गर्दछ किनकि विश्वासीहरु अनि अगुवाहरु अझ अनुभवी भएका हुँदैनन्।
- नयाँ मण्डलीलाई नयाँ जन्मेको शिशुसित तुलना गरीन्छ जसलाई अचानक जरूरी आवग्यकताहरू पर्दछन्। तिनीहरुलाई कुनै धेर अनुभवीको खाँचो पर्दछ कारण तिनीहरुले सुधार गर्नलाई पत्तो लगाउन अनि तिनीहरुलाई ठिकसित सिकाउनेको खाँचो पर्दछ।

पावलको अर्तिमा चार 'श्रृंखला' संयुक्त छन्।

## पावल–तिमोथी गोठालाको अध्ययन–अगुवाहरुलाई प्रशिक्षण, इ. 2 ए.

चार श्रृंखलाहरु हुन् :

1. पावल जसले यी आदेशहरु लेखेका थिए। तिनलाई मण्डलीले एन्टिओकमा पठाएकोथियो (प्रेरित 13:1–3)।
2. तिमोथी जसले यी आदेशहरु पाएर अरुलाई प्रशिक्षण दिनलाई एफिसीमा थिए (1 तिमोथी बसेका 1:1–5)।
3. विश्वासी व्यक्तिहरु जसहरूले तिमोथीबाट एफिसीमा अनि त्यस शहरहरुको वरीपरीकाहरुले तालिम पाएका थिए।
4. 'अरुहरु पनि' जसलाई इप्राफासले हिरापोलिसमा सल्लाह दिएका थिए (कलस्सी 4:12–13)।

यो पुनरुत्पादनलाई थामी राख्न नयाँ नियमका यी मार्गहरु हामीले अप्नाउनु पर्छ।

- मण्डलीले अर्को सानो मण्डली शुरुवात गर्न प्रेरितहरु पठाए। यी प्रेरितहरु ''पठाइएकाहरु थिए'' परमेश्वरले इफिसी 4:11–12 मा हरेक मण्डलीलाई दिन्छु भनी प्रतिज्ञा गरेकाछन्।
- गोठालाहरुले नयाँ गोठालाहरुलाई दिक्क नदिई तालिम दिंदछन्, 2 तिमोथी 2:2 मा पावलले झैं।
- प्रशिक्षकहरु (सघाउनेहरू) :

1. प्रशिक्षार्थीहरुले पाएको तालिमलाई, तिनीहरुका बगालमा तुरुन्तै अभ्यासमा ल्याउन खाँचो छ, अनि, कुनै अस्पष्ट भविष्यको मौकालाई पर्खनु हुँदैन (याकूब 1:22, 2 तिमोथी 2:16–17)।
2. गोठाला गर्ने एउटा धर्मगुरुको निम्ति, मानिसले बनाएका जरूरतहरुलाई नथपी, नयाँ नियम अनुसार परमेश्वरले दिनुभएका बरदानहरुले बगाललाई गोठाला गर्नु आवश्यक छ (तितस 1:5–9)।

- प्रशिक्षार्थीहरु (पास्टरी छात्रहरु):

1. बगालमा तुरन्तै के गर्नु पर्ने आफ्ना सल्लाहकारहरुसित योजना बनाउनुहोस्।
2. नयाँ मण्डलीहरु, पुनरुत्पादनलाई थामी राख्न नयाँ प्रशिक्षार्थीहरुलाई सल्लाह दिनलाई शुरू गरीहाल्नु होस्।

**2. हप्ताभरी मण्डलीले के गर्नु पर्ने हो, सहकर्मीहरुसित् योजना बनाउनुहोस्।**

- तपाई बस्नु भएको नजिकमा कुन मण्डलीलाई गोठालापनको पत्तो लगाउनु होस्। तितसले प्रत्येक मण्डलीका खाँचोहरुलाई पुरा गर्नलाई गोठाला गर्ने धर्मगुरुहरुलाई तयार पारे।
- बगालहरुको निम्ति यदि नयाँ अगुवाहरुलाई तालिम दिइएको छैन् भने प्रार्थनासहित यो काम गर्नलाई निर्णय लिनुहोस्।
- प्रशिक्षण दिन लाग्न भएका व्यक्तिहरुसित तपाई वा अन्य गोठालाहरुले बातचित गरुन। पावलले गरे झैं तालिमलाई एउटा श्रृंखलावद्ध बनाउन, तालिमको व्यवस्था मिलाउनुहोस्।

तालिम पाएका नयाँ प्रशिक्षार्थीहरुले तिनीहरुको परिवार अनि नजिकका मित्रहरुलाई गोठाला गर्न शुरू गरुन्।

**3. आउने उपासनाका कार्यक्रमहरू सहकर्मीहरुसित मिलेर तयार पार्नुहोस्।**

स्थानीय रिती रिवाज अनि चल्ती खाँचोहरुलाई मिल्ने क्रियाकलापहरु चुन्नुहोस्।

यहोशापातका शिक्षकहरुको कथा सुनाउनुहोस्, अनि भाग–1 मा दिइएका विषयहरु बुझाउनुहोस्।

पावलले तितसलाई किन क्रेटमा छोड़े अनि तितसले के गरे सो तपाईको बगालमा भएकाले कसरी सच्च्याउने

काम गर्नुपर्छ सो बुझाउनुहोस्।

(2 तिमोथी 2:2 मा सच्च्याउने श्रृंखलाका चार सन्धिहरु अनि परमेश्वरले कसरी पुनरुत्पादनलाई थामी राख्न तपाईको बगाललाई मदत गर्नु हुनेछ।)

साता भरि गरिने कार्यक्रमहरूको योजना बुझाउनु होस् अनि सुचित गर्नुहोस्।

नानीहरुले तयार पारेका कविता, नाटक अनि प्रौढ़हरुले सोध्ने प्रश्नहरु प्रस्तुत गर्न लगाउनुहोस्।

**प्रार्थना** गर्नलाई योजनाहरु पक्का गर्न अनि एकार्कालाई उत्साह दिनलाई, दुइ वा तीन मानिसहरुको झुण्ड बनाउनुहोस्। प्रभुभोज परिचय गर्नलाई 1 कोरिन्थी 11:34 पढ़नुहोस्।

कोरिन्थीकाहरुले जब प्रभुभोज मनाउथे, तिनीहरुले दैनिक भोजन खाएको भन्दा आत्मिक भावमा गर्दथे। तिनीहरुले झै, यो अति पवित्र विधिमा येशूको उपस्थितिलाई आदर गर्नैपर्छ।

पावलले गरे अनुसार विश्वासीहरुले कसरी सुधार गरीरहेका छन् भने, साक्षीहरु सुन्नुहोस्।

**कविता :**

शत्रुले आफ्नो दुष्ट योजना तयार पार्दछ

(शिक्षालाई बिगार्ने शंका गर्न नसकिने शिक्षकको मन हुँदछ?)

बत्तिसे दाँतको मुस्कान छर्दछ अनि अग्नीवाण छोड्दछ

त्यसलाई ''मानसिक ज्ञान'' भनी नामकरण गरी त्यसलाई प्रहार गर्दछ जसले आफैलाई चलाक भन्दछ।

तितस 1:5 एकसाथ कण्ठस्थ गर्नुहोस्।

# येशूले सत्तरी जनालाई पठाउनु भयो-दुइ प्रचारकहरु

अन्य ठाउँहरुमा गएर चेला बनाउन महत्वपूर्ण छ भनी नानीहरुलाई सिकाउनुहोस्।



**प्रार्थना,** ''प्रभु, येशुले मानिसहरुका पापहरु क्षमा गर्नुहुन्छ अनि जीवनमा नयाँ आनन्द भर्नुहुन्छ भनी आज सम्म नजानेका स्थानहरुमा सुसमाचार पुरयाउन हामीलाई मदत गर्नुहोस्।''

शिक्षक वा ठूला नानीले लूका 10:1-20 बाट कथा सुनाऊन।

यी प्रश्नहरु सोध्नुहोस् (पदहरुको अंकसहित प्रत्येक प्रश्नहरुको पछि उत्तर दिइएका छन्)।

- प्रत्येक झूण्डमा कत्ति जना कार्यकर्त्ताहरु भएका थिए (पद 1, उहाँले दुइ-दुइ गरेर पठाउनु भयो)।
- सर्वप्रथम तिनीहरुले के को निम्ति प्रार्थना गरे? (पद 2)
- तिनीहरु नम्रताको साथ कि लड़ाई गर्ने विचार लिएर गए? (पद-3)
- तिनीहरुले साथमा कति धेर सामग्रीहरु लिएका थिए? (पद 4-येशूलेचाहनु हुन्थ्यो कि जत्ति थोरै, उहाँले भौतिक थोकहरुभन्दा परमेश्वर माथि भरोसा गरेको चाहनु हुन्थ्यो)।
- के तिनीहरु बाटोमा रोकिए अनि मित्रहरुलाई भेट गरे? (पद 4)
- जसले तिनीहरुलाई आनन्द साथ स्वागत गरे ती व्यक्तिको घरमा तिनीहरु के बीस रहे? (पद 5-8)
- तिनीहरुले मानिसहरुसित भेट गर्दा कुन दुइ क्रियाकलापहरु गर्थे? (पद 9)
- यदि मानिसहरुले सुसमाचारलाई इन्कार गरे, के गर्नु भनी येशूले भन्नुभयो? (पद 10-11)
- जब चेलाहरुले येशूको आज्ञा पालन गरे, तब शैतानको शक्तिलाई के भयो? (पद 20)

सत्तरी प्रचारकहरुको कथाका भागहरुलाई नाटकीय ढंगमा उर्तानुहोस्। यो नाटकलाई नानीहरुले प्रस्तुत गर्नको लागी मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाईदिऊन्। ठूला नानीहरुले सानाहरुलाई तयार पार्न मदत गरुन्।

- ठूला नानीहरु वा प्रौड़हरुले येशू, शत्रु अनि कथकका भागहरु गरुन्। एकजना प्रौढ़ले शत्रुको पाठ गरेमा असल हुनेछ।
- साना नानीहरूले प्रचारकहरू र भानिसहरूको पाठ खेलुन्

**कथक :** कथाको प्रथम भाग लूका 10:1-16 बाट सुनाउनुहोस्। त्यसपछि भन्नोस, ''सुन्नुहोस् कार्यकर्त्ताहरुलाई बाहिर पठाउन भनी परमेश्वरलाई सोघे पछि येशुले तिनका चेलाहरुलाई के भन्नु हुन्छ।''

**येशु :**''दुइको झूण्डमा जाऊ। होशियार, ब्वाँसाहरुका बीचमा पाठाहरु भए जस्तै। सुसमाचार सुनाऊ। रोगीहरु निको पार। म चाँड़ै आउँदैछुँ भनी प्रत्येक शहरलाई सुनाइदेऊ। स्वर्गको राज्य नजीक आएको छ।

**चेलाहरु :**''हाम्रा निम्ति के बोकौं?''

**येशू:** ''तिमीहरुसित थोरै मात्र होस्। न कसैलाई बाटोमा सलाम गर, चाँड़ो गर! संदेश जरूरी छ!''

**चेलाहरु :** ''हामी कसकहाँ वास बस्नु?''

**येशू:** शान्तीको मानिस पत्तो लगाऊ। त्यस शहरमा बसुञ्जेल त्यहीं बस। तिनीहरुले दिएका कुराहरु खाऊ।''

**चेलाहरु :** ''यदि मानिसहरुले हामीलाई इन्कार गरे भने हामीले के गर्नें?''

**येशु :**यदि तिमीहरुले सुसमाचार सुनाए पश्चात पनि इन्कार गर्छन् भनें, अरु अन्य ठाउँहरुमा जाऊ।''

**चेलाहरु :** जोड़ी जोड़ी गररे जाने अनि यसप्रकारले भन, ''सुसमाचार सुन्नुहोस्! यसले हाम्रो जीवनहरु परिवर्त्तन गर्नेछ।''

''येशुको नाउँमा निको भइ जाउ।''

''हाम्रा प्रभु येशु ख्रीष्टको नाउँमा परमेश्वरको क्षमा प्राप्त गर!''

**शत्रुहरु :**''मेरो नाउँ शत्रु हो! म सबै मानिसलाई घृणा गर्छु।'' चेलाहरुको पछि लाग्दै आफ्नै शब्दमा भन्नोस, ''दुइको झूण्डमा नजाऊ। ठूलै झुण्डमा एकसाथ बस, किनभने यो सुरक्षित छ!''

''तिमीहरुलाई चाहिने सबै थोक साथमा लेऊ, त्यसले मानिसहरुलाई प्रभाव पार्दछ।''

''तिमीहरुसित प्रशस्त भोजन होस्।''

''बाटोमा तिम्रा मित्रहरुलाई भेट गर।''

''एउटै घरमा नबस, असल भोजन कहाँ पाइन्छ पत्तो गर!''

''यदि तिनीहरुले तिमीहरुको संदेशलाई तिरस्कार गरे भने न छोड़ तिनीहरुलाई जोड़ गर।''

''दुइ पटक सुसमचार सुन्न अनुचित हुन्छ जब कि पहिले नै एकपल्ट सुनिसकेका छन्। यसैले शहरमा प्रत्येकको ढोका अघि एउटा पर्चा (ट्राक्स) छोड़ी राखे हुन्छ।''

**चेलाहरु :** जसै शत्रुहरुले यी विषयहरु गर्दछन्, येशुका शिक्षाहरू विपरित चर्चा गरौं।

**कथक :** कथाको दोस्रो भाग लूका 10:17–23 देखि सुनाउनुहोस्। त्यस पछि भन्नुहोस्, ''सुन्नुहोस् चेलाहरु फर्कि आएपछि येशुलाई के भन्दछन्।''

**चेलाहरु :**''प्रभु येशू, हामी आनन्दित छौं। तपाईंको नाउँ शक्तिशाली छ! तपाईंले दिनुभएको अधिकारलाई हामीले रोगीहरु निको पार्न मा प्रयोग गरयौं। तपाईंको शक्ति हामीमा सार्नु भएको निम्ति धन्यवाद। हामीले प्रेत आत्माहरुलाई पनि वशमा पाऱ्यौ।''

**येशू :**सामर्थी भएकोमा रमाउने होइन, तर तिमीहरुका नाउँ स्वर्गमा लेखिएका छन्।''

(प्रार्थना गर्नोस्) ''हे पिता, तपाईंले कमजोर बालकहरुद्वारा काम गर्नुभयो, म तपाईको प्रशंसा गर्छु। तपाईंले मलाई भन्नु भए झैं मैंले, मेरो शक्ति र सत्यतालाई अगड़ि बड़ाई दिएकोछु।''

**कथक :**सहयोग पुरयाउने सबैलाई धन्यवाद दिनोस्।

**प्रश्नहरु :**यदि प्रौड़हरुको निम्ति यो नाटकलाई नानीहरुले प्रस्तुत गरे, तिनीहरुले पृष्ट–1 मा दिइएका प्रश्नहरु प्रौड़हरुलाई सोधुन्।

दुइ मानिसहरु बाटोमा हिड़िरहेका चित्र नानीहरुलाई बनाउनु लगाउनु होस्। नानीहरुलाई नकल गर्न दिनुहोस्। ती चित्रहरु नानीहरुले अर्को आराधनाको समयमा प्रौड़हरुलाई देखाउन् अनि हामीले येशूको सुसमाचार अरु मानिसहरुसम्म कसरी पुर्‍याउन सक्छौं भनी यसले बुझाउदछ भनेर बुझाउन लाउनुहोस्।

येशूको आज्ञा पालन गर्न मानिसलाई हामीले कसरी सिकान सक्छौं छलफल गर्नुहोस्। नानीहरुले उदाहरण दिऊन।

**कविता :** दुइ जना नानीहरुले यशैया 52:7 र 8 पाठ गरुन वा चार जना नानीहरु प्रत्येकले यशैया 52:7–10 बाट पाठ गरुन्।

लूका 10:2 बाट येशुका शब्दहरु प्रयोग गरी वा लूकाको 10 अध्यायमा भएका अरु पदहरुलाई एउटा कविता वा गीत मा ठूला नानीहरुले लेखुन्।

मर्कूस 1:15 कण्ठस्थ गर्नुहोस्।

**प्रार्थना :** ''पिता, अरु मानिसहरु सम्म येशुको बारे सुसमाचार पुर्‌याउन हामीलाई मदत गर्नुहोस्। यस संसारका अलमल्याउने थोकहरुदेखि हामीलाई अलग राख्नुहोस्। येशुका चेलाहरुको उदाहरणको पछि लाग्न हामीलाई मदत गर्नुहोस्। तिनीहरुले झैं हामीले पनि तपाईंको नाउँलाई उच्च पार्न सकौं।

# येशूले गरे झैं नयाँ अगुवाहरुलाई प्रशिक्षण

## बाबु र छोराहरु झै नवदीक्षित अगुवाहरुको पुनरुत्पादन

नानीहरुलाई सिकाउनेले अध्ययन टी· 3 बी· पढ़न पर्छ।

### 1. नवदीक्षित अगुवाहरुलाई तालिका दिनलाई वचन अनि प्रार्थनासहित तयारी गर्नुहोस्।

**प्रार्थना :**''स्वर्गीय पिता, तपाईंका पुत्र येशुले नयाँ अगुवाहरुलाई प्रशिक्षण दिनुभयो अनि कसरी गर्नु भनी हामीलाई नमूना दिनु भयो। उहाँका प्रेरित, पावलले पनि हामीलाई कसरी गर्नु सो देखाउन भएको छ। नयाँ मण्डलीहरु अनि झुण्डहरूमा सेवा पुर्‍याउनको लागि धैरै नयाँ अगुवाहरुलाई तालिम दिन, हामीलाई सामर्थ र गुणले भर्नुहोस्।''



येशूले ठूलो झूण्डलाई सिकाउनु भयो, के भयो मर्कूस 6:1–6 मा पाउनु हुन्छ।

- मानिसहरुले येशुका वचनहरुलाई कसरी समर्थन गरे (तिनीहरु छक्क परेर सुनिरहे, पद 2)।
- येशूबाट सुनेपछि कतिले कस्तो प्रतिक्रिया देखाए? (विरोध गरे पद 3, अविश्वास गरेत, पद 6)।

येशूले सानो झुण्डलाई कसरी प्रशिक्षण दिनुभएका थिए मर्कूस 6:7–13 मा पाउनुहुन्छ।

- तालिम लिने झूण्ड कति ठूलो थियो? (जम्मा बाह्र, सानो झुण्डमा दुइ मात्र, पद 7)
- येशुले आफ्नो प्रशिक्षकहरुलाई के गर्न भएको थियो? (उहाँले तिनीहरुलाई काम गर्ने अधिकार दिनु भयो, पद–7, अनि तिनीहरुको कामलाई कसरी गर्नु भनि उहाँले शिक्षा दिनु भयो, पद–8)।
- येशुका प्रशिक्षार्थीहरुले कत्ति शीघ्र अरुलाई गोठाला गर्न प्रारम्भ गरे? (तुरन्तै, पद 12)
- येशुका प्रशिक्षार्थीले पहिले यात्रामा कस्ता कामहरु गरे? (प्रचार अनि चंगाइ)।
- के येशुले प्रशिक्षार्थीहरुलाई आर्थिक सहयोग गर्नुभयो? (गर्नुभएन, कुनै व्यवस्था नगर्नु भनी भन्नुभयो, पद 8)।
- येशुका प्रशिक्षार्थीहरुले पाएका शिक्षा कहाँ अभ्यास गरे? (गाँवहरु अनि घरहरुमा)

जब येशुका प्रशिक्षार्थीहरु तिनी कहाँ फर्की आए, तब के भयो, मर्कूस 6:30–32 मा पाउनुहुन्छ।

- येशुका प्रशिक्षार्थीहरुले उहाँलाई कस्तो प्रतिवेदन चढ़ाए? (तिनीहरुले गरेका अनि सिकाएका सबैको)।
- येशुले तिनीहरुबाट सुनेपछि तिनीहरु कहाँ गए? (तिनीहरु एकान्त ठाउँमा विश्राम लिन गए)।

## येशूको प्रशिक्षण विद्धिहरुम पाँच शिद्यान्तहरु

- बृहत झुण्डलाई तालिका दिनु पर्याप्त हुँदैन, प्रशिक्षार्थीको बगालले के गरीरहेका छन्, सुन्नलाई सानो झूण्डलाई पनि तालिम दिनैपर्छ।
- प्राप्त गरेका तालिमलाई जसले सक्रिय काममा प्रयोग गर्दछ।
- प्रशिक्षार्थीहरुलाई तिनीहरुको कार्य गर्ने अधिकार दिनु अनि कसरी र कहाँ गर्नु पर्ने भनी आज्ञा दिनु।
- केहि काम गरे पश्चात तिनीहरुले के गरे अनि भने? त्यसको प्रतिवेदन लिनु।
- एकान्त वासको व्यवस्था समय समयमा गर्नुहोस् जहाँ सहकर्मीहरुले विश्राम लिन र धेर सिक्न सकनेछन्।

कसले कसलाई तालिम दिनपर्छ, 2 तिमोथी 2:1–2 मा पाउनुहुन्छ।

- पावल र तिमोथी बिचको सम्बन्ध वर्णन गर्नोस्।
- (एउटा बाबुले अफनो छोरालाई जसरी तालिम दिंदछ)।
- पावलले कसलाई तालिम दिए?
- (तिमोथी अनि अरु धेरैलाई, साथै सिलास र तितसलाई पनि)।
- तिमोथीले कसलाई तालिम दिए! (विश्वासी कार्यकर्ताहरुलाई)
- विश्वासी कार्यकर्ताहरुले कसलाई तालिम दिए? (अरुलाई पनि)
- कति वटा ''श्रृंखला'' प्रशिक्षणको ''सन्धिहरु'' मा थिए?
- (चार : पावल, तिमोथी, विश्वासी मानिसहरु र अन्य)

  नवदिक्षीत अगुवाहरुलाई पावलले कसरी तालिम दिए कलस्सी 1:1–9 अनि 4:15–18 मा पाउँदछौं।

- पावलका मुख्य प्रशिक्षार्थी को थिए? (तिमोथी पद–1)
- पावल र तिमोथीले कसलाई सहकर्मीको हैसियतमा तालिम दिए? (इप्राफासलाई, पद 7)
- कलस्सीमा भएका विश्वासीहरुलाई कसले सिकाए?
- (इप्राफास, पद–7 तिनले कलस्सीहरुको वृद्धि र खाँचोहरुको बारेमा पावल र तिमोथीलाई सुनाए)।
- कलस्सीकाहरुलाई पत्र लेख्नु बाहेक, पावल र तिमोथीले तिनीहरुको कसरी सेवकाइ गरे? (तिनीहरुको निम्ति प्रार्थना गरीदिए)

## पावलको प्रशिक्षण विधिहरुको छ वटा सिद्धान्तहरु

- प्रशिक्षक अनि नवदिक्षीत माझ बाबु–छोराको सम्बन्ध झै हुनपर्छ। तपाईको संस्कृतिमा यसलाई कसरी सम्बोधन गर्नुहुन्छ?
- धेर अनुभवी अगुवाहरुले नयाँ मण्डलीमा अनि तिनीहरुका मण्डलीहरुमा नवदिक्षीत अगुवाहरुलाई प्रशिक्षण दिनपर्छ।
- जतिले तालिम प्राप्त गर्दछन्, तिनीहरुले नवदिक्षीत अगुवाहरुलाई चाँड़ैनै तालिम दिन सक्छन्।

- प्रशिक्षार्थीहरुको विशेष दक्षता विश्वासी बन्नु हो, अर्थात, तिनीहरुले पाएका तालिमलाई व्यवहारीमा ल्याउनुहोस।
- प्रशिक्षकले प्रशिक्षार्थीहरुका मण्डलीहरुको बारेमा जान्नु अनि तिनीहरुको निम्ति प्रार्थना गर्नुपर्छ।

**2. आउने साताको गतिविधिहरुबारे सहकर्मीहरुसित मिलेर योजना बनाउनुहोस्।**

नयाँ अगुवाहरुलाई तालिम दिन तपाईको प्रशिक्षार्थीहरुका निम्ति यो अध्ययनको प्रतिलिपीहरु प्रबन्ध गर्नेलाई व्यवस्था मिलाउनुहोस्।

परिवारहरुका ठूला–ठालाहरुसित भेट गर्नुहोस् : तिनीहरुका परिवारलाई गोठाला गर्न प्रार्थना र उपासनको साथमा तालिम दिन प्रारम्भ गर्नुहोस्।

सुसमाचार कहाँ छरिन्दैछ अनि कसले घरेलु झुण्डलाई नेतृत्व गर्न सक्छ, एकसाथ बसेर छलफल गर्नुहोस्।

आफ्ना प्रशिक्षार्थी झुण्डहरुको खाँचोहरु सोध्नु होस्, अनि तिनीहरुलाई मदत गर्ने क्रमको अध्ययन गरी लेख्नुहोस्।

नयाँ विषयहरु प्राप्त गर्नु भए चाँड़ै अन्य कार्यकर्त्ताहरुमा बाँटनुहोस्।

**3. अर्को उपासना बारे सहकर्मीहरुसित योजना बनाउनुहोस्।**

येशूले नयाँ अगुवाहरुलाई कसरी तालिम दिनु भयो बुझाउनु होस् ( बाइबललाई अनि माथिका प्रश्नहरु पनि प्रयोगमा ल्याउनुहोस्)

पावल अनि तिमोथीले नवीन अगुवाहरुलाई कसरी प्रशिक्षण दिए बुझाउनु होस्, हामीले पनि कसरी गर्न सक्छौं, छलफल गर्नुहोस्।

नानीहरुले जे तयार गरेकाछन् प्रस्तुत गर्न लगाउनुहोस्।

नवीन गोठालाहरुलाई प्रशिक्षण दिइ रहेका कार्यकर्त्ताहरूले तिनीहरुका प्रगति अनि आवश्यकताहरुको प्रतिवेदन दिऊन्। प्रभुभोज परिचय दिंदा मत्ती 9:1–2 पढ़नुहोस् अनि बुझाउनुहोस् :

- परमेश्वरले आफ्ना जातीहरुलाई दासत्वबाट स्वतंत्र गर्नुभएको एक वर्षपछि, निस्तार चाड़ मनाउनलाई, थूमाको रगतले तिनीहरुका प्रथम जन्मेकाहरूलाई थिए बचाउनुभएको नयाँ गोठालाहरुले संझना गराउँदछ।
- येशुले यसलाई नवीन अर्थ दिनुभयो। उहाँ हाम्रा निस्तार चाड़को थुमा हुनुहुन्छ।

प्रार्थनाको निम्ति अनि गोठालाहरुलाई तालिम दिने योजना बनाउन अनि अन्य शहरहरुमा प्रचार गर्नलाई दुइ, तीन वा चार व्यक्तिहरुको झूण्डहरुमा भेट गर्नुहोस्।

शिक्षकको नियम कण्ठस्थ गर्नुहोस् : म ख्रीष्टमा भए झै तिमीहरु पनि मेरो देखासिकी गर्ने होओ ( 1 कोरिन्थी 11:1 )।

# येशूले अगुवाहरुलाई नम्रताको सेवाको भावनामा तालिम दिए

**प्रार्थना :** ''प्रिय प्रभु, नानीहरुले अरुलाई नम्रतासित सेवा पुरयाउनमा मदत गर्नुहोस्, जसरी येशुले तिनका चेलाहरुको खुट्टा धुनु भयो यिनीहरू एक उदाहरण बनून्।''

नानीहरुको उमेर र आवश्यक्तहरुमा मिल्ने गतिविधिहरु चुन्नुहोस्।

येशूले तिनका चेलाहरुलाई कसरी नम्रताद्वारा अरुलाई सेवा गर्ने प्रशिक्षण दिनु भयो यो कथा यूहन्ना 13:1-17 बाट ठूला नानी वा शिक्षकले स्मरण गरेर सुनाउन् वा पढ़ी देऊन

**बुझाउनु होस् :**

- येशूले आफ्नो उदाहरणबाट चेलाहरुलाई सिकाउनुहुन्थ्यो।
- अरुको सेवा कसरी गर्नु त्यो देखाऊनलाई येशुले एक नम्र सेवकको रूपमा सेवा गर्नुहुन्थ्यो।

सोध्नुहोस् (प्रत्येक प्रश्नको पछि उत्तरहरु सामेल छन्)।

- येशूले आफ्ना चेलाहरुलाई कहिलेसम्म प्रेम गर्नुभयो ? (यहून्ना 13:1 हेर्नुहोस्)।
- येशूले उहाँका चेलाहरुको कसरी सेवा गर्नुहुन्थ्यो ?(पद 5)
- यहूदा इस्करयोतीले उहाँलाई चाँड़ै धोका दिनेछ भनी येशुले जान्नुहुन्थ्यो ? (पद 11)
- एकार्कालाई नम्रताकोसाथ सेवा गर्न, येशुले अगुवाहरुलाई कुन तरिकामा तालिम दिनुहुन्थ्यो ? (पद 15)
- हामीले नम्रतासित अरुको सेवा गर्दा परमेश्वरले हाम्रो निम्ति के गर्नुहुन्छ? (पद 17)



येशूले अरुहरुको खट्टा धुनु भएको कथालाई नाटकमा उतार्नुहोस् (यहून्ना 13:1-17) : यो नाटकलाई नानीहरुले प्रस्तुत गर्नमा उपासनाका अगुवाहरुले व्यवस्था मिलाइ देऊन। नाटकलाई तयारी गर्न तपाईको तालिमको समयलाई उपयोग गर्नुहोस्।

- ठूला नानीहरु वा प्रौड़हरुले पत्रुस, येशु अनि कथक का भूमिका खेलुन। येशुले एउटा भाँड़ा र तौलिया लिनुहोस्।
- साना नानीहरुले यहूदा र चेलाहरुको भूमिका खेलुन्।

**कथक :**येशुले अरुहरुको खुट्टा धुनभएको कथाको प्रथम भाग यूहन्ना 13:1-7 बाट बताउनुहोस्।

त्यसपछि भन्नोस्, ''सुन्नुहोस् येशुले के भन्नु हुन्छ।''

**येशू:**(खड़ा भएर तिम्रो कम्मरमा तौलिया बेहोर्नुहोस्। त्यसपछि पत्रुसको सामने घुड़ा टेकेर पानीले तिनको खुट्टा धुनलाग्नु होस्। मन्नोस्, ''मैले तिमीलाई औधीनै प्रेम गरेकोछु। म चाँडै संसार छोड़ेर मेरा पिताकहाँ स्वर्गमा जानेछु।''

**चेलाहरु :**(यस्तो किसिमले कराउ) ''होइन!'' ''तपाईले हामीलाई छोड़ेर जान सक्नुहुन्न!'' ''नजानु होस्।''

**येशू :**(भन्दछ) ''मैंले तिमीहरुलाई केहि सिकाउनुछ'' (पत्रुसको खुट्टा फेरि धुनलाग्छ)।

**चेलाहरु :**(यसप्रकारले कराउँछ) ''येशुले हाम्रा खुट्टाहरु एउटा दासले झै किन धुनुहुन्छ?'' उहाँ हाम्रा गुरु हुनुहुन्छ।'' ''तिनी हाम्रा दास त होइनन्।'' ''उहाँले त्यसो नगर्नु पर्ने!''

**कथक :**सुन्नुहोस् पत्रुसले के भन्दछ।

**पत्रुस :**''येशू, बन्दगर्नहोस्। तपाईंले मेरो खुट्टा किन धुनुहुन्छ? तपाई मेरो गुरु हुनुहुन्छ।''

**येशू :**''म जसलाई प्रेम गदर्छु त्यसको सेवा गर्छु। तिमीलाई चोख्याउन मलाई दरकार छ।''

**कथक :**(कथाको दोस्रो भाग यूहन्ना 13:8–17 बाट बताउनुहोस्। त्यसपछि भन्नोस्) ''सुन्नुहोस्, पत्रुसले के भन्दछ।''

**पत्रुस :**त्यसोभए मेरो हात र शिर पनि धोइदिनुहोस्।''

**येशू :**''होइन, तिमीलाई जे आवश्यक छ ती सबै मैंले गरीसकेकोछु। यद्धपि, तिमी सम्पूर्णतौर ले शुद्ध भएकाछैनौं। तिमीहरुमध्ये एकजनाको हृदय शुद्ध छैन्।''

**चेलाहरु :**(यसप्रकारले कराउँछ) ''त्यो को होला?'' ''कसको हृदय अशुद्ध छ?''

**कथक :**(''सुन्नुहोस् यहूदाले त्यसको हृदयमा के विचार गरीरहेछ।'')

**यहूदा :**(सुन्नेहरु तर्फ अघि बड़ेर भन्दछ) ''मैले आशा गरे अनुसार येशूले हामीलाई रोमी राजनितीको अधिनताबाट मुक्त नगर्नुहुने रहेछ। म तिनलाई तिनका शत्रुहरुको हातमा बेचीदिनेछु।'' (गइहाल्छ)

**येशू :**''म तिमीहरुको गुरु र शिक्षक हूँ, तर मैले एउटा दासले झैं तिमीहरुको खुट्टा धोएँ। तिमीहरु एकार्काले पनि त्यसै गर। तिमीहरु नम्रताको साथ एकार्काले सेवा गर। तब म तिमीहरुलाई आशिष दिनेछ।

**पत्रुस :**''तपाईंको असल नमूनाद्वारा तपाईंले हामीलाई सिकाउनुभयो। हामी कहिले भुल्नेछैनौं।''

**कथक :**नाटकमा मदत गर्ने सबैलाई धन्यवाद दिनोस्।

**प्रश्नहरु :**यदि नानीहरुले यो नाटक प्रौड़हरुलाई प्रस्तुत गरे, माथिका प्रश्नहरु नानीहरुले नै प्रौड़हरुलाई सोधुन्।

1 पत्रुस 5:5 कण्ठस्थ गर्नुहोस् **:**''हे जवान हो, बुढ़ाहरुको अधीनमा बस, तिमीहरु सबै एउटाले अर्कोप्रति नम्रताको व्यवहार गर। किनभने परमेश्वरले घमण्डीहरुलाई विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ।''

**सोध्नुहोस् :**हामीले कुन तरिकाले मानिसहरुको सेवा नम्रताले गर्न सक्छौं? (नानीहरुले उदाहरणहरु दिऊन)।



**बुझाउनुहोस् :** प्रभु येशूले उहाँको खुट्टा एउटी पापी स्त्रीलाई तिनको आँशुले धुन र तिनको कपालले पुछ्न दिनुभयो। जुन घरमा यो घटना घटेको थियो, त्यहाँ भएका धार्मिक मानिसहरुले, त्यस स्त्रीले त्यसो गरेकोमा, येशुलाई हप्काए। (येशुले भन्नु भयो, जसलाई धेरै क्षमा भएको छ धेरै प्रेम गर्दछ, अनि उहाँले त्यसको पापहरु क्षमा गर्नुभयो (लूका 7:37–48)।)



एउटा पाउको चित्र बनाउनुहोस् हामीले एकार्कालाई कसरी नम्रतामो सेवा गर्छौं आराधनाको समयमा यसलाई नानीहरुले प्रौड़हरुलाई देखाउन् अनि जसरी येशुले तिनका चेलाहरुको खुट्टा धोएर सेवा गर्नुभयो त्यसरी नै हामीले गर्नपर्छ भनी बुझाउन लगाउनु होस्।

पाठ गर्नोस्। चार जना नानीहरु प्रत्येकले एक एक पद गरी फिलिप्पी 2:3–8 बाट पाठ गरुन्।

''विरोध अथवा फोस्रो घमण्डले केही नगर। तर नम्रतामा एउटाले अर्कोलाई आफूभन्दा

श्रेष्ठ ठानेर, आफ्नै कुरामा मात्र होइन, तर हरेकले अरुहरुका कुरामा पनि ध्यान देऊ।

तिमीहरुमा यो मन होस्, जो ख्रीष्टमा पनि थियो। उहाँले परमेश्वरको स्वरूपमा भएर परमेश्वर सितै बराबरको हुनलाई, जोगाइराख्ने धन जस्तो सम्झनु भएन, तर आफूलाई रित्याईकन कमाराको रूप लिएर मानिसहरुको समानतामा हुनुभयो।

औ रूपमा मानिस जस्तो भएर मृत्युसम्मै आज्ञाकारी हुनुभयो, क्रसको मृत्युसम्मै आफूलाई होच्याउनु भयो।''

**प्रार्थना :** '' येशू, तपाईं हाम्रो गुरु अनि प्रभु हुनुहुन्छ। हामी तपाईंको प्रशंसा र महिमा गर्छौं किनभने तपाईंले नम्रतासित अरुको सेवा गर्नुभयो। तपाईंको नमूनाको पछि हिंडन हामीलाई मदत गर्नुहोस्। अरुको सेवा गर्न हामीलाई मदत गर्नुहोस्।